प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश नं. १
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल, भोजपुर

**खण्ड-१.**

# शिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना

**प्रदेश सरकार**

**स्वास्थ्य मन्त्रालय**

**प्रदेश नं. १, नेपाल**

**स्वास्थ्य निर्देशनालय**

**जिल्ला अस्पताल, भोजपुर।**

**शिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना नं. ०२/०७९-०८०**
**दोश्रो पटक सूचना प्रकाशन मितिः–२०७९/०८/०९ गते**

१. यस जिल्ला अस्पताल भोजपुरको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अस्पताल फार्मेशीको लागि आवश्यक औषधी तथा औषधीजन्य सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरीद गर्नुपर्ने भएकोले सम्बन्धित क्षेत्रमा काम गर्न ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था वा सप्लायर्सवाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

२. खरीद गरिने औषधी तथा औषधीजन्य सामाग्रीहरुको विवरण दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजीम हुनेछ ।

३. ईजाजत प्राप्त उद्योग, फर्म वा सप्लार्यसवाट सुचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन अर्थात २०७९।०८।१५ गतेसम्म कार्यालय समय भित्र तोकिएको दस्तुर (फिर्ता नहुने गरी) तिरी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र फारम यस कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालय, भोजपुरमा निवेदन पेश गरी खरीद गर्न सकिनेछ र खरीद गरेको शिलबन्दी दरभाउपत्र मिति २०७९/०८/१६ गते बिहान १२:०० बजे सम्म यस जिल्ला अस्पताल भोजपूरमा दाखिल गरिसक्नुपर्नेछ । दाखिल हुन आएका शिलबन्दी दरभाउपत्र सोही दिन दिनको २:०० बजे जिल्ला अस्पताल भोजपुरमा खोलीनेछ ।

४. दरभाउपत्र फारम खरीद गर्नका लागि पेश गरिने निवेदनमा रु ११.००।– को टिकट टाँस गरी नेपाली नागरिकताको प्रतिलिपी, आ.व. २०७८/०७९ का लागि नविकरण गरिएको फर्म, संस्था वा सप्लायर्सको दर्ता प्रमाण पत्र, व्यवसाय प्रमाण पत्र, आयकर प्रमाण पत्र, स्थायी लेखा नं, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. ०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संलग्न राख्नुपर्नेछ ।

५. दरभाउपत्रदाताले दरभाउपत्र खरीद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त कर्मचारीको दस्तखत, कार्यालयको छाप लागेको दरभाउपत्र खरीद गर्नुपर्नेछ । दस्तखत नभएको र कार्यालयको छाप नभएको दरभाउपत्र कुनै हालतमा मान्य हुने छैन ।

६. दरभाउपत्र दर्ता गर्दा प्रोपाईटर वा आधिकारिक प्रतिनिधीले सहिछाप गरेको र सिलबन्दी भएको हुनुपर्नेछ ।

७. दरभाउपत्र फारम दस्तुर रु.१०००।- रहेको छ ।

८. सिलबन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलीएको मिति देखि गणना हुने गरी ४५ दिनको हुनेछ ।

९. तपशीलमा उल्लेख गरिए बमोजीमको दरभाउपत्र जमानत बापत यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, भोजपुरमा रहेको प्रदेश धरौटी खाता ख २-३, खाता न. २०४०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर वा बाणिज्य बैंकबाट ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत सिलबन्दी दरभाउपत्र साथ पेस गर्नुपर्नेछ ।

१०. दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु कार्यालय प्रतिनिधी र दरभाउपत्र दाताहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

नि. कार्यालय प्रमुख

११. दरभाउपत्र विक्रि गर्ने अन्तिम दिन, शिलबन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

१२. शिलबन्दी दरभाउपत्रमा कबोल गरेको दररेट अङक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अङक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ ।

१३. ढिलो गरी प्राप्त अर्थात म्याद नाघी आएको र रीत नपूगेको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

१४. एक फर्म, संस्था वा कम्पनीको नाममा खरीद गरेको दरभाउपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनीको नामवाट दाखिला गर्न पाईने छैन ।

१५. संझौता अवधि भित्र कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन ।

१६. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार खरिद कर्तामा निहित रहनेछ।

१७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वयंले घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।

१८. यस सूचनामा छुट हुन गएका अन्य कुराहरुको हकमा सार्वजनीक खरिद ऐन, २०६३ र सार्वजनीक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन, नियम र कानुन अनुसार हुनेछ ।

१९. सुचना सम्बन्धी अन्य कुराहरु बुझ्नुपरेमा यस कार्यालयको website: dhbhp.p1.gov.np मा log in गरी हेर्न सकिनेछ साथै कार्यालय समयभित्र जिल्ला अस्पताल भोजपुरको सम्पर्क फोन नं : ०२९–४२०७४९, मो.नं. ९८५२०५२७४९,९८६८३४२७५० ईमेलः- hospitalbhp@gmail.com मा सम्पर्क राख्न सकिनेछ ।

२०. दरभाउपत्र फाराम खरीद गर्न फारम दस्तुर जिल्ला अस्पताल भोजपुरको कार्यालय कोड नं ३७००२०७०११, राष्ट्रिय बाणिज्य बैंकमा रहको खाता नं १०००२०००१००००, कार्यालयको नाम जिल्ला अस्पताल, भोजपुर, राजस्व शिर्षक नं. १४२२९ अन्य प्रशासनिक सेवा शुल्क मा जम्मा गरी जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

## तपशील

| क्र.सं. | ठेक्का नं | कामको विवरण | जमानत रकम | दरभाउपत्र दस्तुर | दरभापत्र जमानतको मान्य अवधि |
|---|---|---|---|---|---|
| १. | DHBHP/PHARMACY/SQ/1/079-080 | फर्मेशीको लागि औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद | ६६,०००/- | १०००/- | ७५ दिन |

नि. कार्यालय प्रमुख